# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २७ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- मुख्यमन्त्री ममता बनर्जीले छठ पूजाको अवसरमा भक्तजनलाई अफवाहमा ध्यान नदिन र शान्तिपूर्ण रूपमा पूजा गर्न आग्रह गर्नुभएको छ।
- पश्चिम बङ्गाल सरकारले सोमबार राज्य प्रशासनमा व्यापक फेरबदल गरिएको छ।
- २२ दिनसम्म बन्द रहेपछि दूधेमा वैकल्पिक ह्युम पाइप पुल अन्ततः आज खोलियो।
- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन इलाका, सिलगढ़ी, तराई र डुवर्समा आज धुमधामसित आस्थाको पर्व छठ पालन गरिन्दैछ।
- बंगालको खाड़ीमा विकसित चक्रवात 'मोन्था'-ले द्रूत गतिमा शक्ति हासिल गरिरहेको छ।

## मुख्यमंत्री छठ पूजा

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि राज्यकी मुख्यमन्त्री ममता बनर्जीले रिषड़ा छठ पूजाको भर्चुअल उद्घाटन गर्नुभयो। मुख्यमन्त्रीले ऋषरा प्रेम घाटमा आयोजित मुख्य कार्यक्रमको भर्चुअल माध्यमबाट उद्घाटन गर्नुभयो।

मुख्यमन्त्री ममता बनर्जीले छठ पूजाको अवसरमा भक्तजनलाई अफवाहमा ध्यान नदिन र शान्तिपूर्ण रूपमा पूजा गर्न आग्रह गर्नुभएको छ। यसको साथमा उहाँले प्रशासन पूर्ण सतर्कतामा रहेको र श्रद्धालुहरु पनि सतर्क रहन आग्रह गर्नुभयो। यसैबीच मुख्यमन्त्रीले आज तख्ता घाट र दही घाटको भ्रमण गरी पूजाको तयारीबारे जानकारी लिनुभयो। दही घाट पुगेपछि उहाँले छठ पर्वको अवसरमा हिन्दी भाषी समुदायलाई शुभकामना दिँदै यस पवित्र पर्वमा सबैले संयम र अनुशासन कायम गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो भागदौड मच्चिएला कि भन्ने चिन्ता सधैं हुन्छ सबै भक्तहरू जो स्नान गर्न वा अर्घ्य दिन जाँदैछन्ए बिस्तारै जानु पर्छ र बिस्तारै फर्कनु पर्छ।

## राज्य प्रशासन फेरबदल

पश्चिम बङ्गाल सरकारले आज राज्य प्रशासनमा व्यापक फेरबदल गरिएको छ। नवान्नबाट जारी एक आधिकारिक विज्ञप्तिका अनुसार धेरै आई.ए.एस र डब्ल्यू.बी.सी.एस अधिकारीहरूलाई एकैसाथ सरुवा गरिएको छ। एकातिर राज्यमा विधानसभा चुनावको तयारी भइरहेको छ भने अर्कोतिर एसआईआर प्रक्रिया सुरु भएको छ। यस्तो बेलामा यो व्यापक फेरबदल राजनीतिक र प्रशासनिक दुवै हिसाबले महत्वपूर्ण मानिन्छ।

*बाइट*

*व्यापक प्रशासनिक फेरबदलको क्रममा दार्जीलिंगकी जिल्ला शाकस प्रिती गोयललाई पनि सारिएको छ। उहालाई मालदा जिल्ला शासक नियुक्त गरिएको छ भने मनिस मिश्रालाई उत्तर २४ परगनाबाट सारेर दार्जीलिंगको जिल्ला शासक रियुक्त गरिएको छ। यसै गरी कुचबिहार जिल्ला शासक अरविन्द कुमारलाई मीनालाई दक्षिण २४ परगनाको जिल्ला शासक बनाइदिएको छ तथा दक्षिण २४ परगनाका निवर्तमान जिल्ला शासक सुमित गुप्तालाई कलकता नगर निगमको आयुक्त बनाइदिएको छ। उत्तर २४ परगनाको जिल्ला शासक शरद कुमार द्विवेदीलाई स्वास्थ्य एवं परिवार कल्याण विभागको सचिव नियुक्त गएिको छ। राज्य सचिवालय नवान्नद्वारा जारी गरिएको स्थानन्तरको सूचीमा २२ जना अतिरिक्ति जिल्ला शासक र ओएसडीहरू सामेल छन्। यस उपरान्त १५ जना महकुमा शासकहरूलाई पनि सरूवा गरिएको छ। यसमा सिलगढ़ी, खरसांग र इस्लामपुरका जिल्ला शासकहरूलाई पनि सरूवा गरिएको छ।*

## निर्वाचन आयोग

निर्वाचन आयोगले मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्यक्रम- एस.आई.आर-को दोस्रो चरणमा १२ राज्य अनि केन्द्र शासित प्रदेशहरूमा गराइने घोषणा गरेको छ। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आज नया दिल्लीमा मीडियासित बातचितमा भन्नुभयो, पुनरीक्षणको उद्देश्य मतदाता सूचीहरूलाई अधिक पारदर्शी अनि त्रुटिमुक्त बनाउनु हो।

## दूधेमा पुल निर्माणए यातायात सुरु

२२ दिनसम्म बन्द रहेपछि दूधेमा वैकल्पिक ह्युम पाइप पुल अन्ततः आज खोलियो। मुख्यमन्त्रीको निर्देशनपछि सार्वजनिक निर्माण विभागले निर्माण कार्य पूरा गरेपछि आज पुल खोलिएको छ। उल्लेखनीय छ कि अक्टोबर ४ माए पहाडमा भारी वर्षाको समयमा बालासन नदीको जल स्तर बढ्दै जाँदा दूधेमा रहेको फलामको पुल भत्किएको थियोए जसको परिणामस्वरूप सिलिगुडी र मिरिक बीचको यातायात पूर्ण रूपमा ठप्प भएको थियो। मुख्यमन्त्रीले पछि दूधेको भ्रमण पछि वैकल्पिक पुल तुरुन्तै निर्माण गर्न आदेश दिनुभयो। यसपछि सार्वजनिक निर्माण विभागले द्रुत गतिमा काम सुरु गर्यो। ह्यूम पाइप द्वारा पुल निर्माण भएपछि पुलले स्थानीय बासिन्दा र पर्यटन उद्योगलाई राहत दिएको छ। सन्त मरीज ग्राम पञ्चायतका उपप्रधान सन्तोष तामाङले मुख्यमन्त्रीको निर्देशनमा काम तीव्र गतिमा अगाडि बढेको बताएका छन्।

## कालेबुङ

कालेबुङको बोङ बस्तीको पुरानो सामाजिक संस्था टारी गाउँ ग्राम सुधार समितिद्वारा तिहारको शुभ अवसर पारेर विभिन्न लोक सांस्कृतिक प्रस्तुतिहरू समावेश गरी देउसी महोत्सव टारीगाउँमा सम्पन्न गरिएको छ। कार्यक्रममा कालेबुङका जिल्लापाल बाला सुब्रमण्यन टी मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा टारीगाउँ ग्राम सुधार समितिका कलाकारहरूद्वारा पारम्परिक ठेट देउसी एभैलो लगायत मारुनी संगिनी अनि प्राय विलुप्त हुन लागेको दम्के नृत्य खुबै रोचक ढङ्गमा प्रस्तुत गरिएको थियो।

## पहाड़ छठ

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन इलाका, सिलगढ़ी, तराई र डुवर्समा आज धुमधामसित आस्थाको पर्व छठ पालन गरिन्दैछ। दार्जीलिङ्को जी.डी.एन.एस मैदान, ठाकुरबाड़ी र अन्य कतिपय ठाउमा छठव्रतीहरूले अस्ताउदै गरेको सूर्यलाई अर्घ्य अर्पित गरी पूजा सम्पन्न गरे। महिलाहरूले प्रकृतिले दिएका फलफूल, कन्दमूल, नरियल सहित बन्य वस्तुहरू ढाकी र बासको नांगलोहरूमा सजाएर भगवान सूर्यलाई अर्पित गरे। अस्ताउदै गरेको सूर्यलाई जल तथा दूधले अर्घ्य अर्पित गरियो। छठको रमाइलो खरसांगको श्री राम मन्दिर लगायत अन्य कतिपय स्थानहरूमा देखियो। प्राप्त समाचार अनुसार सोनादामा नजिकको खोलामा गएर छठव्रतीहरू पूजा अर्चना गरे। मिरिकको सभेन्दु लेकमा पनि छठ पर्व धुमधामसित मनाइन्दैछ। कालेबुङ्को मेला ग्राउण्डमा भव्य छठको आयोजना गरिएको छ। पहाड़का स-साना बजारहरूमा पनि धुमधामसित छठ पालन गरिन्दैछ। सिलगढ़ी, बागडुग्रा, मालबार, बीरपाड़ा, नगरकटा, मादरीहाट, जयगाव, जलपाइगढ़ी, कुचबिहार, अलिपुरद्वारका कैयन ठाउहरूमा पनि भव्य रूपले छठ पर्व पालन गरिन्दैछ। सिलगढ़ीको महानन्दा नदीको दुवै किनारमा कैयन किलोमिटरसम्म छठको घाटहरू सजाइएका छन् जहा हजारौं श्रद्धालुहरूले छठी मैया तथा सूर्य देवको उपासना गरी रहेका छन्। भोलि उदाउदै गरेको सूर्यलाई अर्घ्य प्रदान गरे पछि छठको महापर्व सम्पन्न हुनेछ।

## छठ पूजा

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी. पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी र गृहमंत्री अमित शाहले छठ पूजाको शुभकामना दिनुभएको छ।

## मोन्था

बंगालको खाड़ीमा विकसित चक्रवात मोन्थाले द्रूत गतिमा शक्ति हासिल गरिरहेको छ। मौसम विभागानुसार मंगलवार साँझसम्ममा यसले तीव्र चक्रवातको रूप धारण गर्ने सम्भावना छ। मौसम वैज्ञानिकहरू अनुसार दक्षिण अण्डमान सागरमा विकसित निम्न दबाव क्षेत्र गए हिज बिहान साढ़े आठ बजी अति गहिरोनिम्न दबावमा परिवर्तित भएको थियो भने तबदेखि नै यो प्रणाली लगभग ६ किलोमीटर प्रतिघण्टाको गतिले उत्तर-पश्चिम दिशातर्फ अग्रसर भइरहेको छ। आज अपरान्हसम्ममा यो चक्रवात मोन्थामा परिणत हुने पुष्टि भइसकेको छ यसको तीव्रता अझ बढ्ने सम्भावना व्यक्त गरिएको

छ। मोन्थाको केन्द्र बंगालदेखि लगभग ८०० किलोमीटर टाड़ा रहे पनि राज्य यसको प्रभावदेखि अलग नरहने बताइएको छ।

*बाइट*

**कमल पूर्वेली**

एक कार्यक्रमको साथमा रगित मझुवा क्षेत्रका गायक कमल पूर्वेलीको तिम्रो याद गीति भिडियोको सार्वजनिक भएको छ। मजुवा ग्राम पंचायत अन्तर्गत थापागाउँ स्थित निजी वासगृहमा सार्वजनिक गरिएको कार्यक्रममा मुख्य अतिथि गायकए संगीतकार अनिल फागो उपस्थिति थिए। कमल पूर्वेलीकै गीत संगीत अनि स्वरबद्ध उक्त गीतको संगीत संयोजन- अजनीस राईले गरेको हो भने रेकर्डींङ - म्याट्रिक्स साउन्ड ल्याब भिडियो ग्राफी र एडिटिङ नीसान मूखियाले गरेको छ। यसैगरि तिम्रो यादमा गीति भिडियोको निर्देशन -निङमा शेर्पाद्वारा गरिएको जसको प्रस्तुत-एन क्युब स्टूडियो अनि उत्पाद - ईशारा थापाको रहेको छ।

****** ० ******